NIC ASIA
एन आई सी एशिया बैंक लि.

# व्यक्तिगत खाता खोल्ने फारम

मिति DD MM YYYY शाखा

**For Bank's Use Only**

Indexing No. ____ CIF ID ____
Account No. ____ Biometric ID ____
Account Scheme ____ Screening ID ____

म/हामी निम्न उल्लेखित विवरण अनुसारको खाता खोलिदिनुहुन अनुरोध गर्दछु/गर्दछौं ।

खाताको प्रकार: ☐ बचत खाता ☐ चल्ती खाता ☐ कल खाता मुद्रा: ☐ नेपाली रुपैयाँ ☐ अन्य (खुलाउनुहोस्)

संचालन: ☐ एकल ☐ संयुक्त संयुक्त खाता भएमा निवेदकहरुको संख्या: ☐

खाताको नाम: ____ (संयुक्त खाताको लागि मात्र)

## परिचय विवरण

निवेदकको नाम (संयुक्त खाताको हकमा पहिलो निवेदक ।) अन्य निवेदकको हकमा अतिरिक्त KYC फारम भर्नुपर्ने छ ।

देवनागरीमा (श्री/श्रीमती/सुश्री) ____

In English (Mr./Mrs./M/S.) First Name ____ Middle Name ____ Last Name ____

जन्म मिति: वि.सं DD MM YYYY ई.सं. DD MM YYYY लिङ्ग: ☐ पुरुष ☐ महिला ☐ अन्य

राष्ट्रियता: ☐ नेपाली ☐ अन्य (उल्लेख गर्नुहोस्) शैक्षिक योग्यता ____

वैवाहिक अवस्था: ☐ विवाहित ☐ अविवाहित ☐ अन्य (उल्लेख गर्नुहोस्)

## परिचय पत्रको विवरण

☐ नागरिकता प्रमाण पत्र ☐ राहदानी ☐ मतदाता परिचय पत्र ☐ सवारी चालक अनुमति पत्र ☐ राष्ट्रिय परिचय पत्र

☐ जन्म दर्ता प्रमाण पत्र (नाबालकको हकमा) ☐ अन्य (उल्लेख गर्नुहोस्)

परिचय पत्र नं. ____ जारी गरेको स्थान ____ जारी गरेको मिति DD MM YYYY

राष्ट्रिय परिचय पत्र नं. ____ जारी गरेको मिति DD MM YYYY

## नाबालक/कानूनी संरक्षक भएमा

| संरक्षकको नाम | नाता | संरक्षकको खाता नं.(यदि भएमा) |
|---|---|---|
| | | |

नोट: संरक्षकको छुट्टै KYC फारम भनुपर्ने छ ।

## सम्पर्क विवरण

टेलिफोन नं. ____ मोबाइल नं. ____ ईमेल ____

## हालको ठेगाना

घर नं. ____ वडा नं. ____ सडक/टोल ____ म/न.पा./गा.पा. ____

जिल्ला ____ प्रदेश ____ देश ____

## स्थायी ठेगाना

घर नं. ____ वडा नं. ____ सडक/टोल ____ म/न.पा./गा.पा. ____

जिल्ला ____ प्रदेश ____ देश ____

## आय स्रोत विवरण

पेशा ☐ जागिर ☐ स्वरोजगार/व्यवसाय ☐ अन्य (उल्लेख गर्नुहोस्) व्यक्तिगत स्था.ले.नं.(PAN) (उल्लेख गर्नुहोस्)

| क्र.सं. | संस्थाको नाम/ठेगाना | पद/तह | सम्पर्क नं. | अनुमानित वार्षिक आय |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |

## कारोबारको विवरण

खाताको प्रयोजन ☐ बचत ☐ अन्य (उल्लेख गर्नुहोस्) अनुमानित वार्षिक कारोवार रकम ____

............................
निवेदकको हस्ताक्षर

## पारिवारिक विवरण

| क्र.सं. | नाता | नाम,थर | व्यक्तिगत खाता नं. (यदि भएमा) | कैफियत |
|---|---|---|---|---|
| १. | श्रीमान/श्रीमती | | | |
| २. | बाबु | | | |
| ३. | आमा | | | |
| ४. | हजुरबुवा | | | |
| ५. | हजुरआमा | | | |
| ६. | छोरा | | | |
| ७. | छोरी | | | |
| ८. | बुहारी | | | |
| ९. | ससुरा (विवाहित महिलाको हकमा) | | | |

## ईच्छाइएको व्यक्तिको विवरण

मेरो नाममा यस खातामा रहको रकम मेरो शेषपछि तल उल्लेखित ईच्छाइएको व्यक्तिलाई भुक्तान गरेमा मेरो मञ्जुरी छ ।

| | | | |
|---|---|---|---|
| ईच्छाइएको व्यक्तिको नाम | | ईच्छाइएको व्यक्तिसँगको नाता | |
| ईच्छाइएको व्यक्तिको परिचय पत्रको किसिम | | परिचय पत्र नं. | |
| ईच्छाइएको व्यक्तिको बाबु/आमाको नाम | | | |

(ईच्छाइएको व्यक्ति नाबालक रही दावी परेका बखत नाबालक नै रहेको अवस्थामा प्रचलित कानुन बमोजिम नाबालक संरक्षक प्रमाण पत्र पेश गर्नुपर्ने छ ।)

यस खातामा ईच्छाएको व्यक्ति नराखेको स्वघोषणा गर्दछु ।

निवेदकको हस्ताक्षर .........................................

## खातावालको बसोबास गर्ने ठेगानाको मार्ग चित्र

नजिकैको प्रसिद्ध स्थल (Nearest Landmark) (स्कुल, बैंक, चोक, आदि) ................................................... बाट मेरो बसोबास (Residence) रहेको स्थान करिब.................................................... मिटर ☐ पुर्व, ☐ पश्चिम, ☐ उत्तर, वा ☐ दक्षिण दिशा तर्फ रहेको छ ।

## परिचय गराउने व्यक्ति

परिचय गराउने व्यक्तिको नाम ☐

परिचय गराउने व्यक्तिको खाता नं. ☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐

यस बैंकसँग बैकिङ्ग सम्बन्धका लागि निवेदन दिएका निवेदक (हरु) लाई म राम्ररी चिन्दछु ।

...............................

परिचय गराउनेको हस्ताक्षर

## अतिरिक्त सुविधाहरु

कृपया म/हामीलाई तल उल्लेखित अतिरिक्त सुविधाहरु उपलब्ध गारिदिनु होला । (उपयुक्त ठाउँमा ☑ चिन्ह लगाउनुहोस् ।)

| | | |
|---|---|---|
| ☐ डेबिट कार्ड | ☐ Insant | ☐ Name Embossed |
| ☐ मोबाइल बैकिङ्ग सेवा | ☐ सोधपुछ सुविधा मात्र | ☐ सोधपुछ र कारोबार सुविधा |
| ☐ इन्टरनेट बैकिङ्ग सेवा | ☐ सोधपुछ सुविधा मात्र<br>प्रयोगकर्ता आईडी:................................................................. | ☐ सोधपुछ र कारोबार सुविधा |
| ☐ CRN/Meroshare | ☐ CRN | ☐ Meroshare (DMAT No. 13013700-.............) |

.......................

निवेदकको हस्ताक्षर

## नमुना हस्ताक्षर

| | |
|---|---|
| फोटो | फोटो |
| १. नाम: | २. नाम: |

खाता संचालन: ☐ एकल ☐ संयुक्त ☐ अन्य [उल्लेख गर्नुहोस्]

विशेष निर्देशन (यदि केहि भएमा) [उल्लेख गर्नुहोस्]

## स्वघोषणा

१. मेरो/हाम्रो अन्य बैंक तथा वित्तीय संस्थामा खाता छैन । यदि भएमा वित्तीय संस्थाको नाम [उल्लेख गर्नुहोस्]

२. मेरो/हाम्रो यस खातामा हिताधिकारी छैन । यदि खातामा हिताधिकारी हुनुहुन्छ भने निम्न उल्लेखित विवरण भर्नुहोस् :

| क्र.स. | नाम | सम्बन्ध | व्यक्तिगत खाता नं.(यदि भएमा) |
|---|---|---|---|
| | | | |

३. म/हामी विगतमा नेपाल वा अन्य मुलुकमा कुनै अपराधमा दण्डित भएको छैन/छैनौ । यदि भएमा [उल्लेख गर्नुहोस्]

४. म/हामी अमेरिकाको बासिन्दा वा नागरिक वा अमेरिकी Green Card प्राप्त व्यक्ति होइन/होइनौ । यदि अमेरिकाको ☐ बासिन्दा वा ☐ नागरिक वा ☐ अमेरिका Green Card प्राप्त व्यक्ति भएमा निम्न विवरणहरु उल्लेख गर्नुहोस्:

| TIN Number | USA (Correspondence Address) | State | PIN CODE |
|---|---|---|---|
| | | | |

५. म/हामी तथा मेरो/हाम्रो परिवार वा नजिकको सम्बन्ध भएका व्यक्तिहरु प्रचलित कानून वमोजिम उच्च पदस्थ व्यक्ति होइन । यदि हो भने सो उच्च पदस्थ व्यक्तिको निम्न विवरणहरु उल्लेख गर्नुहोस्:

| क्र.स. | नाम | सम्बन्ध | पद |
|---|---|---|---|
| | | | |

६. म/हामी प्रचलित कानुन बमोजिम नैतिक पतन हुने कसुरजन्य कार्यमा संलग्न भई अदालतबाट कसुरदार ठहरिएको छैन/छैनौ । यदि भएमा [उल्लेख गर्नुहोस्]

७. माथि निवेदनमा उल्लेख गरिएको बाहेक मेरो/हाम्रो यस बैंकको कुनै पनि शाखामा अन्य कुनै बचत/चल्ती/कल खाता नरहेको स्वघोषणा गर्दछु/गर्दछौं । एकै प्रकृतिको त्यस्तो कुनैपनि खाता रहेको पाइएमा बिना कुनै सूचना बैंकले एकै प्रकृतिको कुनै एक खाता बन्द गरी सो को मौज्दात अर्को खातामा रकमान्तर गरेमा मेरो/हाम्रो पूर्ण मञ्जुरी रहनेछ ।

८. म/हामी नेपाल राष्ट्र बैंकको एकीकृत निर्देशनको कालोसूची सम्बन्धी व्यवस्थामा गरिएको संशोधन/परिमार्जन थप व्यवस्था अनुसार म/हामी कालोसूचीमा सूचीकृत नरहेको स्वघोषणा गर्दछु/गर्दछौं ।

९. माथि उल्लेखित विवरणहरु तथा संलग्न कागजातहरु सक्कली प्रमाणपत्रको छविचित्र हुन। यदि कुनै विवरण तथा कागजातहरु झुट्ठा ठहरेमा कानुन बमोजिम सजाय व्यहोर्न मेरो/हाम्रो पूर्ण मञ्जुरी छ । साथै माथि उल्लेखित विवरणहरु लेखन त्रुटिका कारण मैले/हामीले पेश गरेको संलग्न कागजातहरुसँग मेल नखाएमा बैंकले संलग्न कागजातहरुको आधारमा त्रुटि सच्याई अभिलेख राखेमा मेरो/हाम्रो पूर्ण मंजुरी छ ।

१०. म/हामीसँग भएका विवरणहरु अथवा म/हामीसँग सम्वन्धित भएका विवरणहरु यहि फारमको तोकिएका खण्डहरुमा उल्लेख गरेको छु/छौं । मेरो/हाम्रो खाता संचालन यसै फारमसँग संलग्न गरिएका शर्त तथा बन्देजहरु बमोजिम हुने कुरा बुझेको छु/छौं ।

.............................. .............................. ..............................

निवेदक १ को हस्ताक्षर | निवेदक २ को हस्ताक्षर | निवेदक ३ को हस्ताक्षर

# खाता सञ्चालन सम्बन्धी सामान्य नियम तथा बन्देजहरु

श्री एन आई सी एशिया बैंक लिमिटेड

महोदय,

मेरो/हाम्रो नाममा श्री एन आई सी एशिया बैंक लिमिटेड (यसपछि "बैंक" भनि सम्बोधन गरिएको) मा चल्ती/बचत/कल वा अन्य खाता (यसपछि "खाता" भनि सम्बोधन गरिएको) खोल्न/सञ्चालन गर्न वा अन्य बैंकिङ्ग सुविधा उपलब्ध गराउन अनुरोध गर्दछु/गर्दछौं । म/हामी निम्न उल्लिखित शर्त बन्देजहरु (यसपछि "शर्त" भनि सम्बोधन गरिएको) पालना गर्न र सोको अधिनमा रही खाता सञ्चालन गर्न मञ्जुर छु/छौं । नेपाली/विदेशी मुद्रामा म/हामीबाट बैंकमा खोलिएको जुनसुकै खाता समय समयमा लागू हुने बैंकको नियम तथा प्रचलित कानून तथा नेपाल राष्ट्र बैंकले तोकेको नियमभित्र रही सञ्चालन हुनेछन् भन्ने कुरामा मेरो/हाम्रो पूर्ण मञ्जुरी रहेको छ र बैंक, यसको उत्तराधिकारी वा यसले तोकेको कुनै निकायमा यसपछि खोलिने, सञ्चालन गरिने वा नियमित गरिने जुनसुकै प्रकृतिको खाताको लागि पनि यी शर्तहरु लागू हुने कुरामा म/हामी पूर्ण रुपमा जानकार छु/छौं ।

एकजनाभन्दा बढी व्यक्तिको नाममा खाता खोलिएको रहेछ भने म र मेरा भन्ने शब्दले हामी र हाम्रो भन्ने समेत जनाउँनेछ । यी शर्त बन्देजहरु खातामा नाम उल्लेख भएका हरेक व्यक्तिहरु (यसपछि ग्राहक/सेवाग्राही/सेवा वाहक भनी सम्बोधन गरिएको) को लागि व्यक्तिगत रुपमा वा एक वा बढी वा सबैजनालाई सामूहिक रुपमा बाध्यकारी हुने छन् र बैंकसँगको ग्राहक/सेवाग्राहीको सबै सम्झौता, जिम्मेवारी र दायित्व सामूहिक र छुट्टाछुट्टै हुनेछन् ।

**क) बैंक खाता**

१) देहायका विषयहरुमा म बैंकलाई अख्तियारी प्रदान गर्दछु ।

(i) मेरो खाता खोल्ने सम्बन्धी आवेदनले निर्दिष्ट गरिए अनुरुपको खाता सञ्चालन सम्बन्धी निर्देशनमा उल्लेख भए बमोजिमको निर्देशन वा हस्ताक्षरित लिखत बैंकलाई प्राप्त भएपश्चात सो सम्बन्धमा मैले अन्यथा उल्लेख गरी अर्को लिखित सूचना उपलब्ध नगराएसम्म तल उल्लिखित विषयहरुमा आवश्यक कारवाही गर्न ।

(ii) मेरो खातामा रकम भए वा नभए पनि त्यस्तो खाता खर्च लेखी (डेबिट गरी) मैले जारी गरेको चेक, विनियमपत्र, प्रतिज्ञापत्र, स्थायी भुक्तानी, आदेश बमोजिम रकम भुक्तानी गर्न तथा सोक्कै खाता डेबिट गर्ने, ड्राफ्ट, मेल तथा टेलिग्राफको माध्यमबाट रकमान्तर गर्ने, विदेशी मुद्रा खरिदबिक्री गर्ने लगायत खाता सम्बन्धी अन्य कुनै पनि आदेश वा निर्देशन स्वीकार गर्न ।

(iii) मेरो कुनै खास वा सबै खाता बन्द गर्ने लगायत खाता सम्बन्धी अन्य कुनै पनि आदेश वा निर्देशन स्वीकार गर्न ।

२) खातामा जम्मा हुने सम्पूर्ण रकम वैध तथा कानूनी श्रोतबाट कमाइएको हो । खातामा हुने कारोबार कानूनी हुनुपर्नेछ र खाता सम्पत्ति शुद्धीकरण, आतंकवादी क्रियाकलाप तथा अन्य प्रकारका गैरकानूनी क्रियाकलापको लागि प्रयोग हुनेछैन । बैंकलाई दिईएको खाता/कारोबार सम्बन्धी कुनै जानकारी गलत भएको बैंकलाई शंका लागेमा बैंकले खाता रोक्का राखी खाता सम्बन्धी जानकारी सम्बन्धित निकाय/अधिकारीलाई बुझाउन सक्नेछ । यस्तो अवस्थामा बैंकले कुनै क्षति बहन गर्नुपर्ने भएमा सो को क्षतिपूर्ति ग्राहकले गर्नु पर्नेछ ।

३) खातामा जम्मा हुने रकम/चेकको आदेशमा कुनै दुविधा भएमा बैंकले खातामा जम्मा गर्न अस्विकार गर्न सक्नेछ । यस्तो कारोवारबाट बैंकलाई हुने हानीको क्षतिपूर्ति ग्राहकले बैंकलाई गर्नु पर्नेछ ।

४) चेक बुकसँग जारी गरिएको शर्त बन्देजको बारेमा म जानकार छु । निर्धारित समयसम्ममा सो चेकबुक संकलन नगरेको खण्डमा बैंकले सो रद्द गर्न सक्ने र सो वापत बैंकको नियमानुसार लाग्ने शुल्क खातावालाले व्यहोर्नु पर्ने कुरा मलाई मन्जुर छ ।

५) मैले लिखित रुपमा अन्यथा निर्देश गरेको अवस्थामा बाहेक मेरो नाममा बैंकले प्राप्त गरेको कुनै पनि रकम सम्बन्धित खातामा जम्मा हुनेछ भन्ने सम्बन्धमा म जानकार छु ।

६) रकम संकलनका लागि बैंक समक्ष जम्मा गरिएको कुनै पनि विनिमय पत्रका सम्बन्धमा बैंकले केवल मेरो संकलन प्रतिनिधि (एजेन्ट) को रुपमा मात्र कार्य गर्नेछ र सोको रकम असुली (realization) को सम्बन्धमा बैंकले कुनै पनि जिम्मेवारी वहन गर्ने छैन भन्ने कुराका सम्बन्धमा म जानकार छु । बैंक समक्ष जम्मा गरिएको चेक वा अन्य अधिकार पत्र (Other instruments) को रकम बैंकले संकलन गरी मेरो खातामा जम्मा नगरेसम्म झिक्न सकिने छैन । रकम संकलन हुन नसकेको कुनै अधिकार पत्र वापत भुलवश वा अपवादको रुपमा रकम जम्मा हुन गएमा कुनै पनि समयमा खाता डेबिट गरी असुल उपर गर्ने अधिकार बैंकमा सुरक्षित रहने छ । तेश्रो पक्षका नाममा खिचिएको वा भुक्तानी प्राप्तकर्ता (पेयी) को नाम बैंकको अभिलेखमा उल्लेख भए बमोजिमको मेरो नामसँग मेल नखाने किसिमको चेक संकलन गर्नमा बैंकले ईन्कारी जनाउन सक्नेछ । बैंकले तेश्रो पक्षका नाममा जारी भएका रेखाङ्कत वा A/C Payee वा सो जानिने त्यस्तै अन्य वाक्यांश उल्लेख भएका कुनै पनि चेक वा ड्राफ्ट खातामा जम्मा गर्न स्वीकार गर्ने छैन । बैंकले विनिमय (negotiate) संकलन गरेको कुनै पनि अधिकारपत्रको रकम असुली भई नआएको खण्डमा कुनै पनि समयमा बचत खाता डेबिट गरी त्यस्तो अधिकारपत्रको मूल्य बैंकले असुल उपर गर्न सक्नेछ । रकम असुल भई आए पश्चात त्यस्तो अधिकारपत्र जुन बैंक समक्ष खिचिएको हो वा बैंकको करेसपोन्डेण्ट बैंकबाट अधिकार पत्र फिर्ता भए पश्चात बैंकको खाता डेबिट गरिनेछ वा बैंकबाट सो वापतको रकम असुल उपर गरिनेछ ।

७) बैंकको नियम अनुसार बैंकले चेक जारी गर्न र कुनै पनि समयमा फिर्ता लिन वा फिर्ता माग गर्न सक्नेछ । तेश्रो पक्षमार्फत चेक बुक लिन पठाउँदा सो बुझिलिने तेश्रो पक्षको परिचय खुल्ने कागजात र खातावालाले दिएको अख्तियारी समेत संलग्न गरेर मात्र पठाईनेछ । चेकबुकको अघिल्लो कभर पृष्ठमा दिईएका चेक जारी गर्ने तथा सोको सुरक्षाको सम्बन्धी अन्य शर्त बन्देजहरु मलाई लागु हुनेछ र मलाई तिनको मतलब र परिणाम समेतको ज्ञान छ । त्यस्ता चेक बाहेक अन्य माध्यमबाट रकम झिक्ने सुविधा प्रदान गर्न बैंकले ईन्कार गर्न सक्नेछ । बैंकले जारी गरेको चेकलाई हरसमय सुरक्षित तवरले राख्ने जिम्मेवारी मेरो हुनेछ र कथंकदाचित उक्त चेक बुक वा सोमा भएको कुनै पनि चेक हराएमा वा चोरी भएमा तत्काल बैंकलाई सुचित गर्नेछु । मैले सम्बन्धित चेक हराएको अवस्थामा वा कानुनले दिएको वा बैंकले मञ्जुर गरेको अन्य कुनै परिस्थितिमा खाताबाट रकम भुक्तानी रोक्का गर्न बैंकलाई लिखित वा मौखिक अनुरोध गरेमा बैंकले आफ्नो पूर्ण स्वविवेक प्रयोग गरी त्यस्तो अनुरोध स्वीकार गर्न सक्नेछ । मैले वा मेरो तर्फबाट अन्य कुनै व्यक्तिले गर्न सक्ने त्यस्तो अनुरोध बैंकले स्वीकार गरेका कारण वा सो को सिलसिला वा जरियामा बैंकले कुनै हानी नोक्सानी वा खर्च (कानूनी खर्च समेत) व्यहोर्नु परेमा सोको हर्जाना तिर्न बुझाउन म प्रतिवद्ध छु । रकम भुक्तानी गर्दाका बखत बैंकलाई सूचना प्राप्त भइसकेको अवस्थामा बाहेक हराएको वा चोरी भएको चेकको रकम भुक्तानी हुन गएका कारण सृजित कुनै पनि हानी, नोक्सानीका लागि बैंक जिम्मेवार हुने छैन ।

८) बैंकबाट प्रदान हुने/भएको ओभरड्राफ्ट (अधिविकर्ष) वा अन्य सुविधा वापतको कुनै पनि दायित्वका लागि म जिम्मेवार हुनेछु र त्यस्तो दायित्व एवं सो सँग सम्बन्धित कमिशन वा अन्य बैंक दर मेरो कुनै पनि खाता डेबिट गरी असुल उपर गर्न म बैंकलाई अख्तियारी प्रदान गर्दछु । साथै त्यस किसिमको कुनै पनि रकम बैंकले आफ्नो नियमको अधिनमा रही निर्धारण गरिदिएको शर्त, तरिका तथा भाखा अनुसार बैंकलाई तिर्ने बुझाउने छु ।

९) बैंकले समय समयमा निर्धारण गर्ने आफ्नो शुल्क तालिकामा उल्लेख भए बमोजिम खाताका सम्बन्धमा तोकिएका शुल्क लाग्नेछन् । मलाई सूचना समेत नदिई कुनै पनि चार्ज, खर्च, शुल्क, कमिशन, हर्जाना, स्रोतमा कर कट्टी, सरकारी विभाग वा निकायहरुको दै-दस्तुर वा खाता वा सो खातामा जम्मा भएको रकमका सम्बन्धमा लागू हुने अन्य कुनै पनि किसिमको कर, दायित्व, दै-दस्तुर इत्यादि म बाट र/मेरो खाता डेबिट गरी असुल उपर गर्ने अधिकार बैंकमा सदैव रहने छ ।

१०) बैंकलाई खातामा भुलवश प्रविष्ट हुन गएको हिसाब सच्याई पुन: सही हिसाब प्रविष्ट (रिभर्स ईन्ट्री) गर्ने अधिकार हुनेछ ।

११) कुनै पनि खातामा प्रदान गर्ने ब्याजदर बैंकले समय समयमा तोके बमोजिम हुनेछ र यस्तो ब्याजदर ग्राहकलाई विभिन्न माध्यमबाट सूचना दिई परिवर्तन गर्न सक्नेछ । बचत खाताहरुमा दैनिक अन्तिम मौज्दातमा ३६५ दिनको एक वर्षको हिसाबले गणना गरी प्रत्येक त्रैमासको अन्तमा (आश्विन, पौष, चैत्र र आषाढ) मा भुक्तानी दिईने छ । ब्याज गणना/भुक्तानी गर्ने आधार बैंकले कुनै पनि समय ग्राहकलाई सूचना दिई वा नदिई परिवर्तन गर्न सक्नेछ ।

१२) विदेशी विनियममा खोलिएको खातामा जोखिम निहित रहेको स्वीकार गर्दै त्यस्तो खाताबाट रकम झिक्न वा जम्मा गर्नु पर्दा सम्बन्धित विदेशी नोटका उपलब्धता तथा नेपाल राष्ट्र बैंक तथा नेपाल सरकार र त्यस बैंकको प्रचलित नीति नियम कानूनको अधिनमा रहेर मात्र रकम झिक्ने वा जम्मा गर्ने सुविधा प्राप्त हुने कुरामा मञ्जुरी छ ।

१३) मुद्राको परिवर्तनीयता वा हस्तान्तरणीयता वा रकम भुक्तानीमा बन्देज, माग, अनिश्चितता, युद्धस्थिति, नागरिक विद्रोह वा बैंकको काबू भन्दा बाहिरका अन्य परिस्थितिका कारण खातामा जम्मा भएको रकम उपलब्ध हुन नसकेमा बैंक जवाफदेही नहुने कुरामा मेरो मञ्जुरी छ । नेपाल सरकार, नेपाल राष्ट्र बैंक वा अन्य कुनै अधिकारप्राप्त अधिकारी वा निकायले लगाएको बन्देजका कारण बैंकले खातासँग सम्बन्धित मुद्रामा वा अन्य कुनै पनि मुद्रामा रकम भुक्तानी दिन नसकेमा वा त्यस्तो रकम जुन मुद्रामा रकमान्तर गर्नुपर्ने हो सोही मुद्रामा वा अन्य कुनै मुद्रामा रकमान्तर गर्न नसकेमा त्यसबाट उत्पन्न हुनसक्ने परिणामप्रति बैंकको वा नियमन बन्देजको फलस्वरुप व्यहोर्नु पर्न सक्ने लगायतका सम्पूर्ण खर्चहरु समेतको लागि म स्वयं जिम्मेवार हुनेछु । सम्वद्ध प्रचलित कानून तथा नियमले व्यवस्था गरे अनुरुप खाताबाट रकम भुक्तानी दिन वा रकम झिक्न वा रकमान्तर गर्न बैंकले गरेको निर्णय मलाई मान्य हुनेछ ।

१४) बैंकले निम्न नियम लगाउन सक्नेछ: (क) कुनै खास रकम भन्दा कमको बिनियम अधिकार पत्र जारी गर्न नपाईने (ख) कुनै परिस्थितिमा खास गरी झिक्न लागिएको रकम ठूलो परिमाणको भएमा बैंकलाई अग्रिम सूचना दिएर मात्र भुक्तानी माग गरिनुपर्ने ।

........................
निवेदकको हस्ताक्षर

१५) खाता सम्बन्धी हिसाब विवरण (स्टेटमेन्ट अफ एकाउण्ट) माग भएमा बैंकले समय समयमा निर्धारण गरे बमोजिमको कुनै निश्चित समय अवधिमा तयार गरी उपलब्ध गराईनेछ । कुनै खाता सम्बन्धी हिसाब विवरणमा कुनै त्रुटी वा कमीकमजोरी भएमा सम्बन्धित हिसाब विवरण बैंकले प्रवाह गरेको मितिले ३० दिनभित्र त्यस्तो हिसाब विवरणमा उल्लेख भएका विषयहरुको त्रुटी, कमीकमजोरीका सम्बन्धमा लिखित रुपमा बैंकलाई सूचित गरिएको अवस्थामा त्रुटीलाई आवश्यक संशोधन गरिनेछ । बैंकलाई आफ्नो ठेगाना सही, यथार्थपरक र पूर्ण रुपमा उपलब्ध गराउने जिम्मेवारी खातावाला स्वयंको हुनेछ र त्यस्तो ठेगानामा पछि कुनै परिवर्तन हुन गएमा सो सम्बन्धमा तत्काल बैंकलाई जानकारी गराउनु पर्नेछ ।

१६) बैंकलाई आवश्यक परेको अवस्थामा वा कुनै अदालती वा प्रशासनिक वा अन्य कुनै आदेश निर्देशन पालना गर्ने सिलसिलामा मलाई पूर्व सूचना नदिई वा म उपरको कुनै कर्तव्य उल्लंघन भए बैंकले त्यस्तो खाता बन्द गर्न, रोक्का राख्न वा खाताबाट हुने कारोबारलाई निलम्बनमा राख्न सक्नेछ ।

१७) कुनै अदालती आदेश वा सम्बद्ध कानूनले गरेको व्यवस्था अनुसार अधिकारप्राप्त अधिकारी वा निकायले मागेको अवस्थामा लगायत कुनै बैंक वा वित्तीय संस्थाले माग गरेमा सोको औचित्यता हेरी खाता सम्बन्धी सूचना प्रवाह गर्न र/वा बैंकको हित अन्य तवरले सुरक्षित गर्न म बैंकलाई अख्तियारी प्रदान गर्दछु ।

१८) बैंकले मलाई कुनै सूचना नदिई पनि खाता बन्द गर्न सक्नेछ भन्ने सम्बन्धमा म जानकार छु । खाता बन्द गर्दाको बखत खातामा कुनै भुक्तानी योग्य निक्षेप रहेको भएमा बैंकको प्रचलित नीति नियम अनुसार उक्त निक्षेपको आवश्यक व्यवस्था गरेमा मेरो मञ्जुरी छ ।

१९) कुनै पनि खाताका सम्बन्धमा हुने कुनै पनि कारोबारका क्रममा मेरो मृत्यु, अशक्तता वा दामासाही (वा यस्तै खालका अन्य कुनै घटना वा काम कारवाही) सृजित भई सो सम्बन्धमा बैंकले तोके बमोजिमका आवश्यक कागज प्रमाण सहित बैंकलाई लिखित सूचना प्राप्त नभएसम्म त्यस्तो कारोबारबाट हुन सक्ने कुनै पनि हानी, नोक्सानी वापत बैंकले कुनै पनि दायित्व व्यहोर्नु पर्ने छैन । साथै, बैंकको काबुभन्दा बाहिरको कुनै पनि परिस्थितिको कारण बैंकले कुनै काम कारबाही नगरेको वा गरेको कारण म उपर पर्न सक्ने कुनै पनि हानी, नोक्सानी वा ढिलासुस्तीका सम्बन्धमा बैंकले कुनै पनि दायित्व व्यहोर्नु पर्नेछैन ।

२०) संयुक्त नाममा खोलिएका खाताहरुको हकमा अन्यथा लिखित सूचना दिएको अवस्थामा बाहेक संयुक्त खातावालाहरु मध्ये कुनै एकजना खातावालाले स्वीकार गरेका सबै चेक, ड्राफ्ट, आदेश, बिल तथा निजबाट हस्ताक्षरित वा दरपीठ गरिएका सबै नोट तत्कालीन अवस्थामा त्यस्तो खातामा भुक्तानी योग्य निक्षेप रहेको भए पनि वा खातामा भएको रकम भन्दा बढी रकम झिकिने गरी जारी गरिएको भए पनि वा त्यसरी भुक्तानी माग गरेका कारण खातामा भएको भन्दा बढी रकम झिकिने अवस्था भए पनि बिना कुनै अपवाद त्यस्तो खाता डेबिट गरी स्वीकार तथा रकम भुक्तानी गर्न सक्ने अधिकार बैंकलाई हुने कुरा म स्वीकार गर्दछु । यदि त्यस्ता ग्राहकहरु मध्ये कसैले विवादित निर्देशन जारी गरेमा बैंकलाई चित्त बुझ्ने गरी त्यस्तो विवाद समाप्त नभएसम्म सम्बन्धित खाता सञ्चालनमा बैंकले तत्कालै रोक लगाउन सक्नेछ । त्यस्ता ग्राहकहरु बैंकले निजहरुलाई भुक्तानी गरेको रकम तथा सो सम्बन्धमा बैंकले समय समयमा निर्धारण गरेको दरमा तिर्नु बुझाउनु पर्ने व्याज तथा मार्कअप बैंकलाई तिर्ने बुझाउने सम्बन्धमा बैंकप्रति व्यक्तिगत रुपमा र/वा संयुक्त रुपमा जिम्मेवार हुनेछन् ।

२१) ग्राहकको मृत्यु भएमा मृत्यु दर्ता प्रमाणपत्र तथा नाता प्रमाणपत्रको सक्कल वा प्रमाणित नक्कल बैंक समक्ष पेश भए पश्चात् मात्र खातामा रहेको रकम भुक्तानका लागि निकासा हुने कुरा मलाई स्वीकार्य छ । खातावालाले अन्यथा निर्दिष्ट गरेको अवस्थामा बाहेक संयुक्त खाताको हकमा कुनै एक खातावालाको मृत्यु भएमा, खातावाला मध्येको जीवित खातावालालाई खाताको रकम हस्तान्तरण गरिने छ । मेरो शेषपछि उक्त खातामा हकदावी भएमा बैंकको नियमानुसार भुक्तानी प्रकृया अगाडी बढाउन सम्पुर्ण अधिकार हस्तान्तरण गर्दछु । साथै सो प्रकृया पुरा गर्न लाग्ने सम्पूर्ण खर्च सोही खाताबाट कट्टा गरी बाँकी रकम दावी गर्ने व्यक्तिलाई हस्तान्तरण गरिदिनुहुन अख्तियारी प्रदान गर्दछु ।

२२) नाबालकको नाममा खोलिएका खाताहरुको हकमा नाबालक आफ्नो नाबालक अवस्थामै रहिरहेको भए पनि वा बालिग भए पनि बैंकले सम्बन्धित संरक्षक, बाबुआमा संरक्षक भएको अवस्थामा वा सक्षम निकायबाट अन्यथा सूचना प्राप्त नगरेसम्म खाता खोल्ने सम्बन्धी आवेदनमा नाम उल्लेख भएका संरक्षकबाट प्राप्त निर्देशन बमोजिम नै खाता सञ्चालन सुचारु गर्ने अधिकार बैंकलाई हुनेछ ।

२३) बैंकद्वारा माग गरिएको विवरण कागजात पेश नगरिएमा वा खाताबाट नियमनकारी निकायको निर्देशनमा उल्लेखित समय भन्दा बढी समयसम्म कुनै रकम भुक्तानी हुने कारोबार नभएमा, खातामा शुन्य वा ऋणात्मक मौज्दात रहन गएमा खाता बैंकको प्रचलित नियमानुसार स्वत: निष्कृय हुनसक्ने कुरामा म/हामी जानकार छु/छौं ।

२४) आफूले झिकी लिएको नगद काउण्टरमै गणना गर्नुपर्ने र त्यस्तो रकममा कुनै कमी वा नपुग हुन गएको पछि थाहा हुन गएमा सो सम्बन्धमा बैंक जवाफदेही नहुने कुरामा मेरो पूर्ण मञ्जुरी छ ।

२५) कुनै कारण खुलाई वा नखुलाई कुनै पनि खाता खोल्न ईन्कार गर्ने वा खोलिसकेको खाता रोक्का गर्ने अधिकार बैंकमा सुरक्षित रहने कुरा म स्वीकार गर्दछु । बैंकले खाता खोल्न र वा खोलिसकेको खाता कायम राख्न आवश्यक पर्ने न्यूनतम मौज्दात तोक्न सक्नेछ । तोकिएको न्यूनतम मौज्दात अनिवार्य रुपमा कायम राख्नु पर्नेछ । स्थानीय तथा विदेशी दुवै मुद्रामा खोलिने खाता सम्बन्धमा तत्काल लागू रहेको न्यूनतम मौज्दातका बारेमा बैंकमा सम्पर्क राखी आवश्यक जानकारी लिन सकिने कुरामा म जानकार छु ।

२६) सेवा बाहकले सेवा माग गर्दा बैंकलाई प्रवाह गरेको सम्पूर्ण विवरण सत्य तथ्य रहेको व्यहोरा स्वघोषणा गर्दछु ।

२७) खातामा पर्याप्त रकम नभएको अवस्थामा समेत जे सुकै व्यहोराले खातावालासंग सम्बन्धित कारोवारको सिलसिलामा वा प्राविधिक/मानवीय त्रुटीका कारण खातावालासंग असम्बन्धित रकम खातामा जम्मा हुन गएमा त्यस्तो जम्मा हून गएको रकम खाता खर्च (overdrawn) भएमा उल्लेखित रकम खातावाल, खाता सञ्चालक समेतबाट बैंकले आफ्नो लेना रकम सरह असुल उपर गर्न सक्नेमा मेरो मन्जुरी छ ।

**ख. विधुतीय माध्यमबाट लिइने बैंकिङ्ग निर्देशन**

१) बैंकलाई मैले विधुतीय माध्यमबाट दिने बैंकिङ्ग निर्देशन बमोजिम कार्य गर्न म बैंकलाई अख्तियार प्रदान गर्दछु तर बैंकलाई त्यस्तो निर्देशन बमोजिम कार्य गर्ने पर्ने बाध्यता भने हुने छैन ।

२) देहायका कारणहरुले गर्दा सो को सिलसिलामा बैंकले व्यहोर्नु पर्ने वा बैंक उपर सिर्जना हुन सक्ने सबै खाले कारबाही, मुद्दा मामिला, कार्यविधि, लागत दावी, माग, शुल्क खर्च नोक्सानी तथा दायित्वबाट म बैंकलाई मुक्त गर्नुका साथै सोको हर्जाना आफैले तिरी बुझाई कुनै हानी नोक्सानी हुन दिने छैन ।

(i) मेरो विधुतीय माध्यमबाट दिएको निर्देशन गलत रुपमा वा जालसाजीपूर्ण ढङ्गले फेरबदल गरी, गलत अर्थ लाग्ने किसिमले वा सूचना आदान प्रदानको क्रममा स्पष्ट बुझ्न नसकिने किसिमबाटै जारी भएको भएतापनि सरसर्ती हेर्दा मैले नै जारी गरेको जस्तो देखिने भई बैंकले त्यस्तो निर्देशन बमोजिम असल नियतमा कुनै काम कारवाही गरेको कारण,

(ii) कथंकदाचित मेरो विधुतीय माध्यमबाट दिएको निर्देशन बैंकलाई पठाउने वा बैंकले प्राप्त गर्ने क्रममा सम्बन्धित मेशिनको खराबी, गल्ती वा गडबडीका कारण जुन रुपमा बैंक समक्ष प्रवाह हुनुपर्ने हो सो हुन नसकी वा बैंकलाई प्राप्त हुन नसकी बैंकले त्यस्तो निर्देशन बमोजिम कार्य गर्न नसकेका कारण ।

**ग. विधुतीय भुक्तानी सेवा सम्बन्धी शर्त तथा बन्देजहरु:**

१) विधुतीय भुक्तानी सेवा (यसपश्चात सेवा भनिएको) भन्नाले ए टी एम/डेबिट कार्ड, आई टच इन्टरनेट बैंकिङ्ग, मोबाइल बैंकिङ्ग साथै भविष्यमा नेपाल राष्ट्र बैंकद्वारा विधुतीय भुक्तानी सेवा भनी तोकिने सेवाहरु समेतलाई जनाउँदछ ।

२) सेवा बाहकले आवेदन फारम पूर्ण रुपमा भरी दस्तखत गरी बैंकले स्वीकार गरेको अवस्थामा मात्र सेवा प्रयोग गर्न दिईनेछ ।

३) सेवा प्रयोग गरे वापत लाग्ने सम्पूर्ण प्रशासनिक एवं अन्य शुल्क/दस्तुर समय समयमा बैंकद्वारा प्रकाशित गरिने शुल्क तालिका (STC) बमोजिम निर्धारित हुनेछ भन्ने कुरामा म पूर्ण रुपमा जानकार छु । सेवा प्रयोग गरे वापत लाग्ने सम्बन्धित दस्तुरहरु खातावालाको खाताबाट डेबिट गरिनेछ ।

४) सेवा प्रयोग गर्नको लागि फारममा उल्लेख गरेका मोबाइल नम्बर र इमेल ठेगानामा लगइन पासवर्ड, पिन कोड तथा कारोबारको लागि पटके पासवर्ड (OTP) पठाइने छ ।

५) सेवा लापरबाहीपूर्वक प्रयोग गरेमा उत्पन्न हुने सम्पूर्ण दायित्वको जिम्मेवार सेवा बाहक स्वयं हुनेछ । सेवा बाहकले अनधिकृत रुपमा सेवाको प्रयोग तथा सेवा प्रयोगको लागि बैंकद्वारा पठाईएका पासवर्ड, पिन कोड तथा कारोबारको लागि पटके पासवर्ड (OTP) अरु व्यक्तिले प्रयोग नगर्ने गरी सम्पूर्ण सावधानी अपनाउनु पर्नेछ । कथंकदाचित अरु व्यक्तिबाट पासवर्ड, पिन कोड तथा पटके पासवर्ड (OTP) अनधिकृत प्रयोग भएमा सोबाट हुने दायित्वको जिम्मेवार सेवा बाहक स्वयं हुनेछ ।

६) सेवा बाहकको मोबाइल फोन नम्बर परिवर्तन भएको वा बन्द भएको व्यहोरा सेवा बाहकको तर्फबाट बैंकलाई लिखित रुपमा जानकारी गराउन नसकेको परिणाम स्वरुप कुनै नोक्सानी भएमा सोको जवाफदेही सेवा बाहक स्वयं हुनेछ ।

७) सेवा बाहकलाई पूर्व जानकारी दिई वा नदिई कुनै पनि समयमा कुनै पनि शर्त बन्देजहरुमा परिवर्तन गर्ने वा थप गर्ने पूर्ण स्वविवेकीय अधिकार बैंकमा सुरक्षित रहेको छ । त्यसरी परिवर्तन वा थप गरिएको शर्त बन्देजहरु तत्काल लागू हुनेछ र सो शर्त बन्देजहरु सेवा बाहकको लागि बाध्यकारी हुनेछ ।

८) सेवा बाहकले डेबिट कार्ड, आई टच इन्टरनेट बैंकिङ्ग, मोबाइल बैंकिङ्ग सुविधा खारेज गर्ने वा नवीकरण नगर्ने लिखित निर्देशन सेवा अवधि समाप्ति मितिको एक महिना अगावै बैंकलाई जानकारी दिनुपर्नेछ, अन्यथा नवीकरण वापत लाग्ने शुल्क सेवा बाहकको खाताबाट डेबिट गरी सेवा नवीकरण गरिनेछ ।

......................
निवेदकको हस्ताक्षर

९) सेवाबाट गरिने कारोबारको सीमा, क्षेत्र, समय र प्रकार नेपाल राष्ट्र बैंक तथा बैंकको प्रचलित नीतिको अधिनमा रहनेछन् ।

१०) सेवाको सम्बन्धमा सेवा बाहकले बैंकलाई दिएका कुनै पनि निर्देशनहरु रद्द वा फिर्ता गर्न सकिने छैन । सेवा सम्बन्धमा दिइएका सबै निर्देशनहरु बैंकले असल नियतमा बुझेर कार्यान्वयन गरेको अवस्थामा निज सेवा बाहक आफैं वा अरु कसैले सो user name (प्रयोगकर्ता नाम) र सम्बन्धित पासवर्ड प्रयोग गरी दिएका निर्देशन सेवा बाहकका लागि बाध्यकारी हुनेछन् । यसरी निर्देशन दिने व्यक्तिको पहिचान वा अख्तियारी रुजु गर्ने वा त्यस्तो निर्देशनको आधिकारिता रुजु गर्ने कर्तव्य बैंकको हुने छैन ।

११) कुनै पनि कम्प्यूटर वा साइबर अपराध (जस्तैः ह्याकिङ्ग, फिसिङ्ग, ट्रोजन वा भाइरस, ईत्यादि) का लागि बैंक जवाफदेही हुने छैन र अवैध तथा जालसाजीपूर्ण विधिहरुद्वारा गरिएको कुनै पनि अनधिकृत कारोबारका लागि समेत बैंक उत्तरदायी हुने छैन ।

१२) बैंकले समय समयमा अनुरोध गरी पठाए बमोजिम आवश्यक सूचनाहरु सेवा बाहकले अविलम्ब उपलब्ध गराउनेछ ।

१३) बैंकले जुनसुकै समयमा कुनै सूचना वा कारण दिई वा नदिई ग्राहकले प्रयोग गरिरहेको सबै वा केही सेवाहरु निलम्बन वा बन्द गर्न सक्नेछ ।

१४) व्यक्तिगत रुपमा हुलाकबाट, फ्याक्स, टेलेक्स, ईमेल वा अन्य कुनै विद्युतीय माध्यमबाट सेवा बाहकले बैंकलाई उपलब्ध गराएको ठेगानामा पठाइएका सूचनाहरु सेवा बाहकले विधिवत रुपमा प्राप्त भएको मानिनेछ ।

१५) बैंकले समय समयमा निर्णय गरे बमोजिम बैंकबाट प्रदान गरिने सेवाहरु थपघट गर्न सक्नेछ । बैंकले आफ्नो ग्राहकहरुलाई निश्चित मोबाइल नेटवर्क सञ्चालक (हरु) द्वारा सञ्चालित मोबाइल प्रयोग गर्न सेवा बाहकलाई प्रस्ताव गर्ने अधिकार आफूमा सुरक्षित गरेको छ । सेवा बाहकबाट तोकिएको मोबाइल फोन नम्बरबाट मात्र सेवा बाहकको सेवाको पहुँचलाई निश्चित गरिनेछ ।

१६) मोबाइल फोन नम्बर प्रमाणित गर्ने माध्यमबाट सेवा बाहकले प्रमाणित गरी पिन प्रदान गरेर वा बैंकले तोकेको प्रमाणिकरणको माध्यमबाट सेवा बाहकको प्रमाणिकरण भइसके पछि मात्र ग्राहकको निर्देशन लागू गरिनेछ । दुरसञ्चार सेवा प्रदायकको नियम अनुसार सेवा बाहकको मोबाइल नम्बर निष्कृय भएको सूचना सेवा बाहकले बैंकलाई जानकारी गराउनु पर्नेछ । सो जानकारी नगराएको कारणबाट सेवाग्राहीलाई कुनै हानी नोक्सानी भएमा बैंक जवाफदेही/उत्तरदायी हुनेछैन ।

१७) दैवी प्रकोप, कानुनी बन्देज, मोबाइल नेटवर्क प्रदायकको त्रुटी वा लापरबाही, सेवा प्रदायक र सञ्चालन प्रणालीको असफलताका कारण वा नेटवर्कको अभाव, सेवा प्रदायक तेश्रो पक्ष लगायत बैंकको काबु भन्दा बाहिरको कुनै पनि परिस्थितिको सृजनाबाट सेवा उपलब्ध हुन नसक्ने अवस्था भएमा बैंकलाई उत्तरदायी बनाइने छैन ।

१८) सेवा बाहकले बैंकलाई लिखित जानकारी दिएर कुनै पनि समयमा सेवा सुविधाको समाप्तिको लागि अनुरोध गर्न सक्नेछ । सेवा समाप्ति हुनु भन्दा पूर्व सेवा बाहकबाट भएको कारोबारको हकमा निजको जिम्मेवारी रहिरहनेछ ।

१९) बैंकले विद्युतीय प्रणाली मर्मत सम्भार गर्नुपर्ने भएमा, सुरक्षा वा अन्य कारणले कुनै आकस्मिक परिस्थितिको सृजना भई सेवा स्थगित गर्नुपर्ने परिस्थिति सृजना भएमा सेवा बाहकलाई पूर्व जानकारी दिई वा नदिई सेवालाई कुनै पनि समयमा निलम्बन गर्न सक्नेछ ।

२०) सेवा बाहकले उल्लेखित शर्त तथा बन्देजहरु उल्लंघन गरेमा वा यदि सेवा बाहकको मृत्यु भएको, तिर्नु बुझाउनु पर्ने शुल्क/दस्तुर नबुझाएको, दामासाहीमा परेको, कानूनी व्यक्तित्व गुमाएको कुरा बैंकलाई जानकारी भएमा वा बैंकले उपयुक्त ठहराएको अन्य अवस्थामा बैंकले सेवा बन्द वा स्थगित गर्न सक्नेछ ।

२१) यस शर्त तथा बन्देजमा उल्लेख गरिएका कुनै बुँदा कुनै कारण अवैधानिक भएमा यसमा उल्लेखित अन्य शर्तहरु बैधानिक रहनेछन् ।

उल्लिखित शर्त बन्देजहरु समय समयमा हेरफेर वा परिवर्तन गर्ने अधिकार बैंकमा सुरक्षित रहने कुरालाई म/हामी स्वीकार गर्दछु/गर्दछौं । त्यसरी हेरफेर वा परिवर्तन भएको शर्त बन्देजहरु सो सम्बन्धमा मलाई/हामीलाई सूचना दिनासाथ लागू हुनेछन् । त्यस्तो सूचना बैंकको आधिकारिक वेबसाईट वा आधिकारिक सामाजिक संजालमा राखिएमा रितपूर्वक मलाई/हामीलाई दिएको मानिनेछ । यसमा उल्लेखित शर्त बन्देजहरुका सम्बन्धमा बैंकले गरेको व्याख्या मेरा/हाम्रा लागि अन्तिम र मान्य हुनेछ । उपरोक्त शर्त बन्देजहरु पढी, वाची सो को मतलब तथा परिणाम बुझेको ठिक साँचो हो ।

बैंकको कुनै नयाँ सूचना प्रविधि अनुसार लागू गर्ने विद्युतीय सेवाहरु मलाई/हामीलाई सूचित गरि या नगारी प्रदान गरेमा मेरो/हाम्रो पूर्ण मञ्जुरी रहने छ र सो सम्बन्धि बैंकको नियम अनुसार लाग्ने शुल्क मेरो/हाम्रो खाताबाट डेबिट गर्नेमा मेरो/हाम्रो मञ्जुरी छ ।

| (दाँया) | (बाँया) | | (दाँया) | (बाँया) | | (दाँया) | (बाँया) |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

निवेदक १ को औंठा छाप | निवेदक २ को औंठा छाप | निवेदक ३ को औंठा छाप

............................. (निवेदक १ को हस्ताक्षर) | ............................. (निवेदक २ को हस्ताक्षर) | ............................. (निवेदक ३ को हस्ताक्षर)

Signed/Thumb Print Affixed in presence of (For Bank's Use Only)

Sign: ............ Staff Name: ____________ Staff ID: ______ Date DD MM YYYY

**For Bank's Use Only | बैंक प्रयोजनको लागि मात्र**

| Referred By | Reviewed By | Verified By |
|---|---|---|
| Signature: | Signature: | Signature: |
| Name:.................................. | Name:.................................. | Name:.................................. |
| Staff ID:............................... | Staff ID:............................... | Staff ID:............................... |
| Date: DD MM YYYY | Date: DD MM YYYY | Date: DD MM YYYY |